# ३ येशूले डाँडामा दिनुभएका उपदेशहरू

***यस अध्यायका मूल पदहरू:*** मत्ती ५-७, रोमी ७:७, उत्पत्ति १५:६, मिका ६:६-८, लूका ६:३६, मत्ती १३:४४-५२ र रोमी ८:५-१०।

***यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:*** "यी सबै थोक भनिसकेपछि येशूले आफ्नो प्रवचन सिध्याउनुभयो। उहाँको शिक्षाले गर्दा असङ्ख्य श्रोताहरू चकित भएका थिए। अधिकार पाएका व्यक्तिले जस्तो उहाँले सिकाउनुभएको थियो। त्यसबेलाका व्यवस्था अर्थात् धर्मशास्त्रका पण्डितहरूले जस्तो उहाँले बोल्नुभएको थिएन।" (मत्ती ७:२८,२९ रूपान्तरित)।

परमेश्वरले इस्राएलीहरूलाई मिश्र देश अर्थात् इजिप्टबाट डोऱ्याएर निकाल्नुभएको वृतान्त प्रस्थानको पुस्तकमा लेखिएको छ। लाल सागरबाट तिनीहरूलाई मानौं बप्तिस्मा दिनुभएको जस्तै उहाँले पार गराउनुभएको थियो। उहाँले ४० वर्षसम्म तिनीहरूलाई मरुभूमीमा डोऱ्याउनुभएको थियो। तिनीहरूको निम्ति उहाँले अनेकन् अचम्म र अलौकिक कामहरू गरेर देखाउनुभएको थियो। व्यक्तिगत रूपमा उहाँले तिनीहरूलाई पहाडको टुप्पोमा भेट्नुभएको थियो। त्यहाँ तिनीहरूलाई आफ्नो व्यवस्था दिनुभएको थियो।

मत्तीको पुस्तकमा पनि येशू इजिप्टबाट आउनुभएको थियो भनेर हामी देख्दछौं। यर्दन नदीमा उहाँले बप्तिस्मा लिनुभएको थियो। उहाँ ४० दिनसम्म मरुभूमी अर्थात् उजाड स्थानमा जानुभएको थियो। उहाँले पनि अनेकौं अलौकिक र अचम्मको कामहरू गर्नुभएको थियो र पहाडको टुप्पोमा इस्राएलीहरूलाई व्यक्तिगत रूपमा भेट्नुभएको थियो जहाँ उहाँले त्यही व्यवस्थालाई स्पष्टरूपमा व्याख्या गर्नुभएको थियो। इस्राएलको इतिहासको पानामा येशू हिंड्नुभएको थियो। इस्राएलीहरूसँग सम्झौता गरेका करारका सबै प्रतिज्ञाहरू उहाँमा पूरा भएका थिए।

डाँडाँमा दिनुभएको उपदेश वा प्रवचन अत्यन्त प्रभावकारी थियो। उक्त उपदेश न त पहिला कुनै मानवप्राणीले बोलेको थियो न त बोल्ने नै छ। येशूका वचनहरू श्रोताहरूको हृदयमा गहिरो छाप परेको थियो। जीवनलाई आमूल परिवर्तन ल्याउने उहाँका ती वचनहरू त्यस समयको लागि मात्र नभएर समय सापेक्षित हुँदै युगौं युगसम्म धरोहरको रूपमा रहिरन्छ।

**तर हामी केवल श्रोतावर्गभएर उहाँको प्रवचन सुन्नेमात्र हुनुभएन। बरू ती वचनहरू हामीहरूको महत्त्वपूर्ण जीवनको भाग बनाउनुपर्दछ। येशूले डाँडाँमा दिनुभएको उपदेश वा प्रवचनलाई यस अध्यायमा हामी नियल्नेछौं (मत्ती ५-७)। उहाँका वचनहरू हामीहरूको जीवनमा चरितार्थ बनाउने कुरामा उहाँले मत्ती १३मा दिनुभएको सन्देश पनि यस अध्यायमा अध्ययन गर्नेछौं।**

## १. येशूका महत्त्वपूर्ण आदर्श नितिहरू (मत्ती ५-७)

येशूले डाँडाँमा दिनुभएको देहायका उपदेशहरू सरसरति पढ्नुहोस्। व्यक्तिगत रूपमा तपाईं आफैलाई ती उपदेश अर्थात् येशूका ती नितिहरूले कसरी सम्बोधन गरिरहेको छ? सोच्नुहोस्।

मत्ती ५: "१ भीड़लाई देखेर उहाँ डाँड़ामा उक्लनुभयो, र उहाँ बस्नुभएपछि चेलाहरू उहाँकहाँ आए। २ उहाँले मुख खोल्नुभयो र तिनीहरूलाई शिक्षा दिन लाग्नुभयो: ३ "धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो। ४ धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्।५ धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्। ६ धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन्। ७ धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन्। ८ धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्।९ धन्य मेलमिलाप गराउनेहरू, किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्। १० धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो। ११ "धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउनेछन्, र झूटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्। १२ तब रमाओ, र अत्यन्त खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए।

१३ "तिमीहरू पृथ्वीका नून हौ, तर नूनको स्वाद गयो भने त्यो केले फेरि नुनिलो पारिने र? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन।

१४ "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै

तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।

१७ "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। १९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। २० किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र फरिसीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ।

२१ "तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, 'तैंले हत्या नगर्नू', र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ।' २२ तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई 'तँ मूर्ख' भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ।

२३ "यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढ़ाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, २४ तिम्रो भेटी त्यही वेदीको सामु छोड, र जाऊ। पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढ़ाऊ। २५ "तिम्रो वादीसँग अदालतमा जाँदा बाटोमै मिलाप गरिहाल, नत्रता वादीले तिमीलाई न्यायाधीशको हातमा सुम्पिदेला र न्यायाधीशले अफिसरको हातमा सुम्पिदेलान्, र तिमी झ्यालखानमा पर्नेछौ। २६ साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीले एक-एक पैसा चुक्ता नगरुञ्जेल तिमी त्यहाँबाट उम्कनेछैनौ।

२७ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तैंले व्यभिचार नगर्।' २८ तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ। २९ यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु

तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। ३० तिम्रो
दाहिने हातले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ।
किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा
गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। ३१ "यसो पनि भनिएको छ, कि 'जसले
आफ्नी पत्नीलाई त्याग गर्छ, त्यसले तिनलाई त्यागपत्र लेखिदेओस्।' ३२ तर
म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई व्यभिचारको कारणबाहेक अरू
कारणले त्याग गर्ला, त्यसले उसलाई व्यभिचारिणी तुल्याउँछ, र जसले त्याग
गरिएकी स्त्रीसँग विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ।

३३ "फेरि तिमीहरूले सुनेका छौ, कि प्राचीन समयका मानिसहरूलाई
भनिएको थियो, 'तैंले झूटो शपथ नखा, तर परमप्रभुको निम्ति गरिएको शपथ
तैंले पूरा गर्।' ३४ तर म तिमीहरूलाई भन्दछु, शपथ खाँदै नखाओ। स्वर्गको
नाउँमा शपथ नखाओ, किनकि त्यो परमेश्वरको सिंहासन हो, ३५ न त
पृथ्वीको, किनकि त्यो उहाँको पाउदान हो, न त यरूशलेमको, किनकि त्यो
महाराजाको सहर हो। ३६ आफ्नो शिरको शपथ नखाऊ, किनकि तिमीले
एउटा केशलाई सेतो कि कालो बनाउन सक्दैनौ। ३७ तिमीहरूले भनेको
वचनचाहिँ 'हो' भने 'हो,' 'होइन' भने 'होइन' मात्र होस्। यीभन्दा बढ़ीचाहिँ
दुष्टताबाट आउँदछ।

३८ "तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो, 'आँखाको बदला
आँखा, र दाँतको बदला दाँत।' ३९ तर म तिमीहरूलाई भन्दछु, दुष्टको
मुकाबिला नगर। जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला
पनि थापिदेऊ। ४० यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी
गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल। ४१ यदि कसैले तिमीलाई
एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुई किलोमिटर गइदेऊ। ४२
तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर।
४३ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो
शत्रुलाई घृणा गर।' ४४ तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम
गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा
हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई
सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। ४६ किनभने
यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम
छ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र? ४७ तिमीहरूले आफ्ना

दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौं भने अरूहरूले भन्दा बढ़ी के गऱ्यौ र? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र? ४८ यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।"

मत्ती ६: "१ "होशियार बस, तिमीहरू मानिसहरूलाई देखाउनलाई धर्मकार्य नगर। नत्रता स्वर्गमा हुनुहुने तिमीहरूका पिताबाट तिमीहरूले केही इनाम पाउनेछैनौ। २ "यसकारण जब तिमीहरू दान दिन्छौ, तब आफ्ना सामु तुरही नबजाओ, जस्तो ढोंगीहरूले सभाघरहरू र सड़कहरूमा मानिसहरूबाट प्रशंसा पाउनलाई गर्दछन्। साँच्चै, म तिमीहरूलाई भन्दछु, तिनीहरूले आफ्ना इनाम पाइसकेका छन्। ३ तर जब तिमी दान दिंदछौ, तिम्रो दाहिने हातले के गरिरहेछ सो देब्रे हातले थाहा नपाओस्। ४ तिम्रो दान गुप्तमा होस्, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ।

५ "जब तिमी प्रार्थना गर्दछौ तब ढोंगीहरूजस्ता नहोओ, किनकि तिनीहरू सभाघरहरूमा र सड़कहरूका कुनामा मानिसहरूले देखून् भनी खड़ा भएर प्रार्थना गर्न मन गर्दछन्। साँच्चै, म तिमीहरूलाई भन्दछु, तिनीहरूले आफ्नो इनाम पाइसकेका छन्। ६ तर तिमी जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ। ७ र प्रार्थना गर्दा अन्यजातिहरूजस्ता व्यर्थैं नबरबराओ। किनभने धेरै शब्दमा बोल्दा तिनीहरूको सुनाइ हुन्छ भन्ने तिनीहरू विचार गर्दछन्। ८ यसकारण तिनीहरूजस्ता नहोओ। किनभने तिमीहरूले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरूलाई कुन-कुन कुराको खाँचो छ, सो तिमीहरूका पिता जान्नुहुन्छ।

९ "तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गरः 'हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस्। १० तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्। ११ हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्। १२ हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं। १३ हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमेन।'

१४ किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गऱ्यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। १५ तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध

क्षमा गर्नुहुनेछैन। १६ "जब तिमीहरू उपवास बस्तछौ, तब ढोंगीहरूजस्ता उदासी चेहरा नदेखाओ। किनकि मानिसहरूलाई उपवास बसेका देखाउनलाई तिनीहरू आफ्ना मोहड़ा अँध्यारा पार्छन्। साँच्चै, म तिमीहरूलाई भन्दछु, तिनीहरूले आफ्ना इनाम पाइसकेका छन्। १७ तर तिमीचाहिँ उपवास बस्दा आफ्नो शिरमा तेल लगाऊ, र आफ्नो मुख धोऊ। १८ र तिम्रो उपवास मानिसहरूले होइन, तर गुप्तमा हुनुहुने तिम्रा पिताले देखून्, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ।

१९ "आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। २० तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन। २१ किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीँ तिम्रो मन पनि हुन्छ। २२ "आँखा शरीरको बत्ती हो। यसकारण यदि तिम्रा आँखा स्वस्थ छन् भने, तिम्रो सारा शरीर उज्यालो हुनेछ। २३ तर तिम्रा आँखा खराब छन् भने, तिम्रो सारा शरीर अँध्यारो हुनेछ। यसकारण तिमीभित्र भएको उज्यालोचाहिँ अँध्यारो भयो भने, त्यो अँध्यारो कस्तो घोर हुन्छ!

२४ "कसैले दुई मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कालाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धनको सेवा गर्न सक्दैनौ। २५ "यसैकारण म तिमीहरूलाई भन्दछु, 'के खाउँला, के पिउँला' भनी आफ्नो प्राणको निम्ति र 'के लगाउँला' भनी आफ्नो शरीरको निम्ति फिक्री नगर।' के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन? २६ आकाशका चराचुरुङ्गीलाई हेर। तिनीहरूले न त बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यवान् छैनौ र? २७ तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो आयुमा एक घड़ी पनि थप्न सक्छ?

२८ "अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्दछन्, न धागो कात्छन्। २९ तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। ३० आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए

अल्पविश्‍वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र? ३१
यसकारण 'के खाऔंला?' कि 'के पिऔंला?' कि 'के पहिरौंला?' भनेर फिक्री
नगर। ३२ किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका
स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी
जान्नुहुन्छ। ३३ तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर,
र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्। ३४ यसकारण भोलिको निम्ति
फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ। आजको
दुःख आजको निम्ति पर्याप्त छ।"

**मत्ती** ७: "१ "अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ।
२ किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू
पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका
निम्ति पनि नापिनेछ। ३ "किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको
कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ? ४
अथवा तिम्रो आफ्नै आँखामा मूढ़ा छ भने कसरी तिमी तिम्रो भाइलाई भन्न
सक्छौ, 'मलाई तिम्रो आँखाबाट धूलोको कण निकाल्न देऊ।' ५ ए ढोंगी,
पहिले आफ्नै आँखाबाट मूढ़ा निकाल, तब तिम्रो भाइको आँखाबाट धूलोको कण
निकाल्नलाई तिमी सफासँग देख्न सक्नेछौ।

६ "जे पवित्र छ सो कुकुरहरूलाई नदेओ। आफ्ना मोतीहरू सुँगुरका
अगाडि नफाल, नत्रता तिनले आफ्ना खुट्टाले तिनलाई कुल्चलान् र फर्की
तिमीलाई हमला गर्लान्। ७ "माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले
भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ। ८ किनकि जसले
माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ,
त्यसको निम्ति ढोका उघारिनेछ।

९ "तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा
त्यसलाई ढुङ्गा देला? १० कि माछा माग्दा त्यसलाई साँप देला? ११
यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन
जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति
बढ़ी गरेर असल चीज दिनुहुनेछ। १२ मानिसहरूले तिमीहरूसँग जस्तो
व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै
व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षाको सारांश हो।

१३ "साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुऱ्याउने ढोका
फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरू धेरै हुन्छन्। १४
किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो हुन्छ र बाटो कठिन हुन्छ, जसले
चाहिँ जीवनमा पुऱ्याउँछ, र त्यो भेट्टाउने थोरै नै हुन्छन्। १५ "झूटा
अगमवक्ताहरूदेखि होशियार बस, जो तिमीहरूकहाँ भेड़ाको भेषमा आउँछन्, तर
भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरूजस्ता हुन्छन्। १६ तिनीहरूका फलबाट
तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँढ़ाका बोटबाट अंगूर अथवा
सिउँड़ीबाट अञ्जीर टिपिन्छ र? १७ त्यसै गरी हरेक असल रूखले असल
फल फलाउँछ। तर खराब रूखले खराब फल फलाउँछ। १८ असल
रूखले खराब फल फलाउन सक्दैन, न त खराब रूखले असल फल फलाउन
सक्तछ। १९ असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा
फालिन्छ। २० यसरी ती अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ।
२१ "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्।
स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको
राज्यमा प्रवेश गर्नेछ। २२ त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के
हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं।
र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र?' २३ अनि म
तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए
अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ।'

२४ "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा
बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो।
२५ अनि पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो,
र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। २६
जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख
मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। २७ पानी पऱ्यो, र
बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि
त्यसको ठूलो विनाश भयो।"

२८ येशूले यी कुरा भनिसक्नुभएपछि भीड उहाँका शिक्षा सुनेर छक्क
पऱ्यो। २९ किनकि उहाँले तिनीहरूका शास्त्रीहरूले झैं होइन, तर अधिकार
भएको मानिसले जस्तो गरी सिकाउनुहुन्थ्यो।"

"विश्वको मानव इतिहासमा सम्बोधन गरिएको कुनै पनि धार्मिक प्रवचनहरूले डाँडाँमा येशूले दिनुभएको उपदेशहरूले जस्तो मानिसहरूलाई आकर्षित नगरेको हुनसक्छ। धेरैजसो येशूलाई विश्वास नगर्ने चिन्तकहरू र सामाजिक सुधारको निम्ति अभियान चलाउनेहरूले येशूको उपासक हुन इन्कार गरेकाभएतापनि उहाँका ती वचनहरूलाई मुक्त कंठले प्रशंसा गरेको पाइन्छ। बिसौं शताब्धीका महात्मा गान्धी त्यो महान् तर येशूलाई विश्वास नगर्ने व्यक्तित्व जसले येशूले डाँडाँमा दिनुभएको उपदेशहरू कडाइका साथ समर्थन गर्नुहुनेमा अग्रपन्थीमा उहाँ हुनुहुन्थ्यो।" क्रेग एल. ब्लुमबर्ग, द न्यु अमेरिकन कमेन्टरीः मत्ती (नाशभिल बीएण्डएच पब्लिशिङ्ग ग्रुप, १९९२), ठेली २२, पृ. ९३,९४बाट रूपान्तरित।

येशूका ती उपदेशहरूलाई बिभिन्न मानिसहरूले बिभिन्न तरिकाले यसरी बुझेको पाइन्छः अ. ती नितिहरू एकदम कडा छन् र परमेश्वरको सहायताबिना कसैले पनि पालन गर्न सक्दैनन् भनेर त्यसको गरिमालाई वास्ता नगरेर पछि हटेको पाइन्छ। तर हामीहरूको कमीकमजोरीको आत्मज्ञानले हामी पापीहरू हौं भनेर स्वीकार गर्न पुग्छौं र येशूको पवित्र जीवन नै हामीहरूको मुक्तिको आशा तथा प्रावधान हो भनेर उहाँमा चरणमा पर्न अग्रसर गराउँछ। आ. डाँडाँमा दिइएका आदर्श नितिहरूको पालन गर्न परमेश्वरले अपेक्षा गर्नुभएकोमा हामीहरूको पतित जीवनले पालन गर्न असमर्थ छौं। इ. ती उपदेशहरू नागरिक शास्त्रका नियमहरू हुन् जसलाई सबै असल नागरिकले पालन गर्न जरुरी छ। ई. अहिंसा र शान्तिप्रिय नितिहरू अपनाउन ती उपदेशहरूको उपादेयिता हो। उ. ती सामाजिक सुधारको निम्ति दिइएको सुसमाचार हुन् जसले मानविय शक्तिले तिनीहरूलाई कार्यान्वन गरेर परमेश्वरको आदर्श राज्यलाई यस संसारमा स्थापना गर्नुपर्छ।

यथार्थमा भन्ने हो भने ती उपदेशहरू पढ्दा जसले पनि आआफ्नै पाराका अर्थहरू ल्याउन सक्छन्। ती उपदेशहरू अत्यन्त प्रभावकारी भएको हुनाले नै हामीहरूको जीवनको सबै महत्त्वपूर्ण पक्षहरूमा तिनीहरूले असर पार्न सक्छन्। त्यसैकारण हामी सबैले आआफ्नै ढँगमा ती नितिहरूप्रति जवाफदेही हुनपुग्छौं। यस सन्दर्भमा एलेन जी ह्वाइट यसरी व्यक्ति गर्नुहुन्छ "झुठा तथा गलत शिक्षाहरूले ल्याएका बिसङ्गतीहरूलाई हटाउन येशूले डाँडाँमा ती नितिहरू दिनुभएको थियो। उहाँको राज्यको बारेमा सही ज्ञान थाहा पाउन् र उहाँको चरित्रलाई सबैले पारदर्शिरूपमा देखुन् भन्ने आफ्नो श्रोताहरूबाट उहाँ अपेक्षा

गर्नुभएको थियो।...येशूलाई त्यस समयमा पछ्याउनेहरूको निम्ती ती सत्य आदर्श नितिहरू जतिको महत्त्वपूर्ण थिए त्यत्तिकै महत्त्वपूर्ण आज हाम्रो निम्ति पनि छ। हामी वा तिनीहरू सबैले परमेश्वरको राज्यको आधारभूत नितिहरू सिक्नु जरुरी छ।" डिजाएर अभ एजेज्, पृ. २९९बाट रूपान्तरित।

त्यसैकारण येशूले डाँडामा दिनुभएको उपदेश तथा आदर्शनितिहरूले परमेश्वरको राज्यको मौलिक नितिनियमहरू हामीहरूको सामु राखिदिएका छन्। उहाँको राज्यको शासक उहाँ हुनुभएकोले उहाँ परमेश्वर कस्तो हुनुहुन्छ भनेर ती आदर्श नितिहरूले बताउँदछन्। परमेश्वरका राज्यका नागरिकहरू भएको हैशियतले हामी पनि कस्तो हुनुपर्छ भनेर तिनीहरूले देखाउँदछन्। परमेश्वरको राज्यको नियम अनुसार चल्न उहाँले हामी सबैलाई आह्वान गर्नुहुन्छ। संसारले दिने कुनै पनि वाद वा नितिहरूभन्दा येशूका ती आदर्शनितिहरू अत्यन्त फरक छन् (दानिएल ७:२७ पढ्नुहोस्)।

## २. डाँडाँमा दिनुभएको उपदेशको तुलनामा परमेश्वरका दश आज्ञा तथा व्यवस्था (उत्पत्ति १५:६)

येशूले डाँडाँमा दिनुभएको उपदेश उहाँका नयाँ नीति वा व्यवस्था हुन् भनेर कतिपय इसाईहरूले सोच्दछन्। परमेश्वरका दश आज्ञाहरू तथा व्यवस्थाको बिकल्पमा ती उपदेशहरू येशूले दिनुभएको हो भनेर तिनीहरू दावी गर्दछन्। अनुग्रहको व्यवस्था येशूबाट आएपछि अब पुरानो व्यवस्था वा दश आज्ञाहरूको औचित्य समाप्त भयो भनेर ती इसाईहरूले सिकाउँदछन्। येशूनीति वा उहाँको व्यवस्था र परमेश्वरको व्यवस्था फरक छन् र एक आपसमा बाँझिन्छन् भनेर तिनीहरूले सोच्दछन्। तर ती दृष्टिकोणहरूले येशूले डाँडाँमा दिनुभएको उपदेशलाई गलत सोचिएको छ भनेर देखाउँदछन्।

देहायका पदहरूले के दश आज्ञाहरू वा परमेश्वरको व्यवस्थालाई येशूले निलम्बन गर्नुभएको थियो भनेर बताउँछ र? हेर्नुहोस्:

मत्ती ५:१७-२०,२२,२७, २८ "१७ "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। १९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न

सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। २० किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र फरिसीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ।...२१ "तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, 'तिमीले हत्या नगर्नू', र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ।' २२ तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई 'तिमी मूर्ख' भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ।...२७ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिमीले व्यभिचार नगर्।' २८ तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ।"

यही सन्दर्भमा याकूब र पावलले के भन्दछन् त? "८ यदि "आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। ९ यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ। १० किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। ११ किनकि जसले "व्यभिचार नगर्" भन्नुभयो, उहाँले "हत्या नगर्" पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। १२ यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्। १३ किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ।"- याकूब २:८-१३ र "७ हामीले के भन्ने त? व्यवस्था पाप हो? कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तिमीले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ।"-रोमी ७:७।

**एक इसाई विद्वान क्रेग एस. किनरले आफ्ना भावना यसरी व्यक्त गर्दछन्: "प्रायजसो यहूदीहरूले परमेश्वरका दश आज्ञाहरू उहाँको अनुग्रहको परिधिभित्र रहेर दिइएको हो भनेर बुझेका थिए। अनुग्रहको अवधारणाले नै दश**

आज्ञाहरू वा व्यवस्थाको पूरा अर्थ वा गरिमालाई स्पष्ट पार्न सहयोग गर्छ भनेर तिनीहरूले सिकाउँदथे। आफ्ना अनुयायीहरूको जीवनमा प्रशस्त अनुग्रह पाउन् ताकि तिनीहरूले दश आज्ञाहरू पालन गर्न सकुन् भनेर येशूले माग्नुभएको थियो।...निःसन्देह, येशूले आफ्नो राज्य अनुग्रहको आधारमा स्थापना गर्ने योजना गर्नुभएको थियो (मत्ती ६:१२, लूका ११:४, मर्कूस ११:२५, मत्ती ६:१४,१५, मर्कूस १०:१५ तुलनात्मक रूपमा हेर्नुहोस्)। इसाईहरू सिद्ध हुनबाट टाढा भएतापनि तिनीहरू नम्र भएर परमेश्वरको आधिपत्य तिनीहरूको जीवनमा स्वीकार गरेको येशूले ग्रहण गर्नुहुन्छ भनेर सुसमाचारका पुस्तकहरूले खुलाउँछन्। कतिपय इसाईहरूले सोचेको अनुसार येशूले प्रचार गर्नुभएको अनुग्रहको सुसमाचार आचरणमा परिवर्तन ल्याएर परमेश्वरको नीतिमा चल्नुपर्दैन भनिएको छैन। जसले नम्रतापूर्वक राज्यको सुसमाचारलाई ग्रहण गर्छ तिनीहरू परिवर्तन हुन्छन् भनेर सुसमाचारका पुस्तकहरूले देखाउँदछन्। अरूभन्दा आफू धर्मी वा धर्मात्मा छु भनेर धर्मका लुगा लगाएर आत्मसंतुष्टी भएका मानिसहरूको अहँलाई येशूले दिनुभएको राज्यको सुसमाचारले छियाछिया पार्दछ।"-द गस्पल अभ माथ्युः अ सोसिओ-रिटोरिकल कमेन्टरी (ग्राण्ड रापिडस्ः विलियम बी. बर्डमानस् पब्लिशिङ्ग कम्पनी, २००९), पृ. १६१,१६२बाट रूपान्तरित।

**अब्राहमको मामिलामा झैं** परमेश्वरको वचनमा विश्वास गर्नु नै मुक्तिको आधार सदैव भइरहेको छ भनेर उत्पत्ति १५:६ले बताएको हेर्नुहोस्: "६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो।"

येशू ख्रीष्टले सिकाउनुभएको आस्था वा विश्वास कुनै नयाँ आस्था वा विश्वास होइन। अदनको बगैंचामा आदम र हव्वाको पतन भएदेखि नै त्यही आस्था वा विश्वासको आवश्यकता मानिसमा भएको थियो। येशूले डाँडाँमा दिनुभएको उपदेशले अनुग्रहको आधारमा मुक्ति पाउने भएकोले परमेश्वरका दश आज्ञाहरू वा व्यवस्था निकम्मा भएको थियो भन्ने होइन। मुक्ति मानिसहरूको धर्मकर्मले होइन जहिले पनि अनुग्रहबाट नै उपलब्ध हुन्छ। सिनै पहाडमा दिएका व्यवस्थाहरूलाई पालन गर्नुभन्दा पहिले नै इस्राएलीहरू लाल समुद्रमा परमेश्वरको अनुग्रहबाट मुक्ति पाएका थिए (प्रस्थान २०:२ पढ्नुहोस्)।

परमेश्वरसँग तपाईंको अनुभवमा मुक्ति भनेको तपाईंको धर्मकर्म वा व्यवस्थालाई पालन गरेर होइन तर उहाँमाथि अटल विश्वासको आधारमामात्र पाइन्छ भन्ने आभास् के तपाईंले पाइरहनुभएको छ?

## ३. धर्मशास्त्रका शास्त्रीहरू र फरिसी पण्डितहरूको धार्मिक भेष (मत्ती ५:२०)

येशूले भन्नुभएको देहायको अर्थ के हो? "फरिसी र व्यवस्थाका गुरूहरूको भन्दा तिमीहरूको धार्मिक जीवन उत्तम हुनुपर्छ। यदि ती पण्डित तथा शास्त्रीहरूभन्दा तिमीहरू धर्मात्मा भएनौ भने तिमीहरू स्वर्गको राज्यमा कदापी पस्न सक्दैनौ।" (मत्ती ५:२० रूपान्तरित)।

**मुक्ति भनेको जहिले पनि विश्वासको मात्र उपज हो। यहूदी धर्म यथार्थमा भित्रीरूपमा हेर्ने हो भने जहिले पनि अनुग्रहको धर्म थियो। तर मानवनिर्मित रीतिरिवाज, परम्परा वा संस्कार आदि त्यसमा घुसिएको थियो। परमेश्वरको आज्ञा पालन गरेर मुक्ति पाइन्छ भन्ने धारणाले ग्रष्त भयौं भने त्यस खालको परम्परा कुनै पनि धर्ममा घुस्न सक्छ, त्यसमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च पनि अछुतो नहुन सक्छ। ख्रीष्टको समयमा धेरै धार्मिक गुरू तथा स्वामी भनाउँदाहरूले दया, माया, करुणा तथा मानवता भन्दा धार्मिक परम्परा तथा रीतिरिवाजहरूलाई प्राथमिकता दिन थालेका थिए। त्यसको फलस्वरुप यस संसारमा कुनै पनि शक्ति भएन जसले मानिसहरूलाई पापबाट मुक्त गर्न सक्दथ्यो (एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेसिङ्ग, पृ. ५३बाट रूपान्तरित)।**

**मानिसले आविश्कार गरेका धार्मिक नीतिनियम, संस्कार, धर्मकर्म, परम्परा आदिले मानिसको जीवनलाई र चरित्रलाई परिवर्तन गर्न सक्दैन। सही विश्वास वा आस्था केवल त्यो हुनसक्छ जुन् प्रेमबाट परिचालित हुन्छ (गलाती ५:६)। प्रेमबाट परिचालित मानिसको क्रियाकलापमात्र परमेश्वरको सामु ग्रहण योग्य हुन्छ।**

येशूले डाँडाँमा दिनुभएको उपदेशको संक्षिप्त सार मीका ६:६-८ले कसरी खुलाउँछ हेर्नुहोस् "६ के लिएर म परमप्रभुको सामु आऊँ, र उच्च भएका परमेश्वरको सामु निहुरूँ? के एक वर्षे बाछाहरू लिएर होमबलि चढ़ाउनलाई म उहाँको सामु आऊँ? ७ के परमप्रभु हजारौं भेड़ाहरू र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र? के म आफ्नो अपराधको लागि मेरो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढ़ाऊँ? ८ ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाइएकोछ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिंड्नू।"

पुरानो करार अर्थात् प्राचिन इस्राएलमा पनि बलिप्रथा तथा धार्मिक रीतिथितिले मानिसहरूको पाप हट्दैन भनेर स्वीकारिएको छ। तर ती प्रथाहरू केवल एक दिन ख्रीष्टले के गर्नुहुनेछ भनेर औँल्याउनको निम्ति मात्र दिएका थिए। येशू ख्रीष्टको जीवन, मृत्यु र पुनरुत्थानले हामी प्रेमको जीवन बिताउन र परमेश्वरको चरित्र हामीमा हुनसक्छ र त्यसको लागि परमेश्वरबाट हामी शक्ति प्राप्त गर्न सक्छौं भनेर ती बलिप्रथा आदिहरूले हामीहरूलाई देखाएका थिए। त्यो जीवन केवल परमेश्वरमा पूर्ण समर्पित जीवनबाटमात्र उपभोग हामी गर्न सक्छौं। परमेश्वरको मुक्ति दिने अनुग्रहमा पूरा भरपर्ने आत्मज्ञानको आवश्यकता हुनु अपरिहार्य छ। कतिपय धर्मका शास्त्री र फरिसी पण्डितहरूले धर्मको पोषाक लगाएर आफू अरूहरूभन्दा शुद्ध, धर्मात्मा र आस्थावान छौं भनेर सार्वजनिक रूपमा प्रभाव पार्दथे। तर येशूभक्तहरू कसरी जीउनुपर्छ भनेर देखाउन ती धर्मगुरूहरूले सही बाटो देखाएका थिएनन्।

हुनसक्छ विश्वासबाटमात्र मुक्ति पाइन्छ भन्ने ज्ञानमा तपाईं पोख्त हुनुहुन्छ रे! केवल येशूको धार्मिकताले मात्र हामीले मुक्ति पाउँछौ भन्नेमा पनि तपाईं अडिक हुनुहुन्छ रे! तर तपाईंको आत्मिक जीवनमा रीतिथिति परम्परा आदि घुसाएर आफू अरूभन्दा धर्मात्मा छु भन्ने मनोवृत्तिबाट तपाईं कसरी जोगिने?

## ४. परमेश्वरको राज्यको आदर्शनीति तथा मूल्यमान्यताहरू (मत्ती ५:४८)

येशूले सिकाउनुभएको शिक्षादीक्षामा म इसाई हुँ भनेर दावी गर्नेहरूले अपनाउनु पर्ने सबभन्दा कडा नीति शायद मत्ती ५:४८ नै होला। हामी पापीहरू भएको हैशियतले त्यसलाई पालन गर्न कसरी सक्षम् हुने? हेर्नुहोस् "यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।"

येशूले डाँडाँमा दिनुभएको सम्पूर्ण उपदेशहरूमा उपरोक्त पदमा व्यक्त गरिएको नीति शायद अत्यन्त कडा, प्रभावकारी र हामीबाट अपेक्षा गरिएको पद हुनसक्छः "स्वर्गमा हुने परमेश्वर पिता जस्तै तिमीहरू पनि सिद्ध हुनुपर्छ।" त्यसको सार्थक अर्थ के हो?

यो पदको मर्म बुझ्न त्यस पदको सुरूको शब्दलाई बुझ्नु अत्यन्त जरुरी छ। त्यसमा भनिएको छ "त्यसकारण।" त्यसको अर्थ त्यस पदभन्दा पहिले के उल्लेख गरिएको थियो त्यसको निश्कर्षमा त्यो शब्द उल्लेख गरिएको

**थियो। "त्यसकारण" भन्ने शब्द भन्दा पहिले के नीतिहरू उल्लेख गरिएका थिए त?**

त्यसको भेद खोल्न मत्ती ५:४३-४७ पढ्नुहोस्। यी पदहरू उल्लेख गरिएर नै मत्ती ५:४८द्वारा मर्महरूको अन्त्य गरिएको थियो। ती पदहरूले मत्ती ५:४८मा येशूले व्यक्त गर्नुभएको भावनाको अर्थ हामीहरूले कसरी बुझ्न सक्छौं, हेर्नुहोस्। त्यसै सन्दर्भमा लूका ६:३६ पनि पढ्न उचित हुनेछ। "४३ "तिमीहरूले यसो भनेको सुनेका छौ, "तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।" ४४ तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। ४६ किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र? ४७ तिमीहरूले आफ्ना दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढ़ी के गऱ्यौ र? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र?" लूका ६:३६ "३६ तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि कृपालु होओ।"

**माथि व्यक्त गरिएका नीतिहरू बाइबलमा सबभन्दा प्रथम् पटक उल्लेख गरिएको होइन। प्राचिन समयमा लैव्यको पुस्तकमा परमेश्वरले आफ्ना जनहरूलाई यो निर्देशन दिनुभएको थियो "तिमीहरू पवित्र होऊ, जसरी म तिमीहरूको परमेश्वर पनि पवित्र छु।" (लैब्य १९:२)। लूका ६:३६मा येशूले भन्नुभएको थियो "जसरी तिमीहरूको पिता करुणामय हुनुहुन्छ त्यसरी तिमीहरू पनि करुणामय हुनुपर्छ।" (रूपान्तरित)।**

**मत्ती ५:४३-४८ अनुसार येशूको नीतिमा नीतिनियम, परम्परा, संस्कार वा विधिविधानहरू पालन गर्ने प्राथमिकता होइन। तिनीहरू पालन गर्नु महत्त्वपूर्ण त छ नै। तर उपरोक्त पदहरूमा दिएको सारांसचाहीं यही हो कि हामीहरूले मानिसहरूलाई दया तथा प्रेम देखाउनु जरुरी छ। (त्यो पनि मानविय धारणाहरूबाट पार भएर परमेश्वरको धारणामा रे!)। हामीले माया गर्न सक्नेलाई मात्र होइन तर हामीले माया देखाउन नसक्नेहरूलाई पनि प्रेम गर्नु रे! याद गर्नुहोस्, यो नीति कुनै पनि मानिसको दर्शन वा वादभित्र पर्दैन तर परमेश्वरको राज्यको नियमभित्र पर्दछ।**

अझ महत्त्वपूर्ण कुरो हामीले यो सम्झिनुपर्छ कि जुन् कुरो परमेश्वरले हामीमा रहेर गर्नुहुन्न त्यो कुरो हामीबाट उहाँले अपेक्षा गर्नुभएको छैन। यदि हामी आफैको प्रयासले शत्रुहरूलाई प्रेम गर्न खोज्यौं भने के हामीहरूको पापी र स्वार्थता लुकिएको हृदयले त्यो गर्न सक्षम् हुन्छौं र? संसारको नीतिले हामीहरूका शत्रुहरूलाई प्रेम गर्न सिकाउँदैन। तर हामीलाई यो कबूल गरिएको छ यदि हामीहरूले हामीहरूको जीवन परमेश्वरमा समर्पित गर्‍यौं भने "जुन् असल काम येशूले तिमीहरूमा सुरू गर्नुभएको थियो त्यो पूरा नहुञ्जेल तिमीहरूमा काम गरिनै रहनुहुनेछ। तिमीहरूको जीवनमा त्यो काम ख्रीष्टको आगमनसम्म जारी नै रहनेछ।" (फिलिप्पी १:६ रूपान्तरित)। हामीहरू जतिसुकै सिमित क्षमता भएका मानिसहरू भएपनि उहाँले हामीहरूलाई प्रेम गर्ने जस्तो हामीले पनि अरूलाई प्रेम गर्ने क्षमताले सुसम्पन्न हुनुभन्दा अरू महान् काम के होला र? तपाईंलाई मन नपर्ने शत्रुहरूलाई प्रेम गर्ने मनस्थिति तपाईंले बोक्न सक्नुभएको भए तपाईंको जीवन कस्तो फरक हुन्थ्यो होला, सोच्न सक्नुहुन्छ?

## ५. परमेश्वरको राज्यका वचनहरूलाई आत्मसात् गर्नु वा पचाउन सक्नु (मत्ती १३:४४-५२

येशूले केवल डाँडाँको टुप्पामा मात्र प्रचार गर्नुभएन। परमेश्वरको राज्यको सन्देश उहाँले इस्राएलको सबै ठाउँहरूमा प्रचार गर्नुभएको थियो। मत्ती १३मा हामीलाई भनिएको छ कि उहाँले डुङ्गामा बसेर प्रचार गर्नुभयो र सागरको किनारमा मानिसहरू उभिइएर उहाँलाई सुनिरहेका थिए (मत्ती १३:२ रूपान्तरित)। येशूले अनेकौं उपमा, दृष्टान्त तथा अर्ती कथाहरूद्वारा मानिसहरूलाई सिकाउनुभएको थियो। मानिसहरू केवल श्रोताभएरमात्र परमेश्वरका वचनहरू सुन्ने होइन पालन गर्न सक्नु पनि अत्यन्त जरुरी छ भनेर ती दृष्टान्त तथा अर्तीकथाहरूद्वारा येशूले मानिसहरूलाई सिकाउनुभएको थियो।

मत्ती १३:४४-५२मा के अर्तीकथाहरू छन् जसले गर्दा डाँडाँमा दिनुभएको उपदेशका परमार्थ अर्थात् सत्यहरूलाई बुझाउन र त्यसै अनुसार जीवन यापन गर्न आह्वान गर्दछ? हेर्नुहोस् "४४ स्वर्गको राज्य कुनै एउटा खेतमा गाडी राखिएको गाड़धनजस्तो हो, जो एक जना मानिसले भेट्टाएर लुकाइराख्दछ, र आनन्दित भएर ऊ जान्छ र आफूसित भएका सबै बेच्छ, र त्यो खेत किन्छ।

४५ फेरि स्वर्गको राज्य असल मोतीहरू खोज्ने एउटा व्यापारीजस्तो हो। ४६ त्यसले एउटा बहुमूल्य मोती भेट्टाएपछि गएर आफूसँग भएका सबै बेचेर त्यो मोती किन्यो। ४७ स्वर्गको राज्य समुद्रमा हानेको एउटा जालजस्तो पनि हो, जसमा हरकिसिमका माछाहरू पर्दछन्। ४८ अनि जाल भरिएपछि मानिसहरूले त्यसलाई किनारमा तानी निकाले, र बसेर असल जतिलाई भाँड़ाहरूमा जम्मा गरे, र खराब जतिलाई बाहिर फाले। ४९ युगको अन्त्यमा यस्तै हुनेछ, स्वर्गदूतहरूले आएर दुष्टहरूलाई धर्मीहरूका बीचबाट छुट्ट्याउनेछन्, ५० र उनिहरूलाई आगोको भट्टीमा फालिदिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।"५१ येशूले सोध्नुभयो, "के तिमीहरूले यी सबै कुरा बुझ्यौ?"तिनीहरूले उहाँलाई जवाफ दिए, "बुझ्यौं।" ५२ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "यसकारण स्वर्गका राज्यको शिक्षा पाएको हरेक शास्त्री एक जना घरको मालिकजस्तो हो, जसले आफ्नो ढुकुटीबाट नयाँ र पुराना मूल्यवान् सामानहरू बाहिर झिक्तछ।"

उपरोक्त प्रथम् दुई कथाहरूमा दुई महत्त्वपूर्ण बुँदाहरूलाई बुझ्न खोज्नुपर्छ। दुवैमा अलग गरिने अवधारणाहरू उल्लेख गरिएको छ। नयाँ कुरा पाउन पुराना कुराहरूलाई पन्छाउनुपर्छ भनेर दुवै कथाहरूले सिकाउँदछ। जमिनमा रहेको गाडधन होस् वा मोती होस्, ती पाउन् मानिसले केही न केही गुमाउनुपर्छ। अर्को महत्त्वपूर्ण सम्झिनुपर्ने कुरा त प्रत्येक मानिसले ती थोकहरू पाउँदा तिनीहरूको बहुमूल्यतालाई प्रत्येकले प्राथमिकता दिएको थियो। दुवै मामिलामा गाडधन र मोती पाउन तिनीहरूले आफूसँग भएको सबै श्रीसम्पत्ति बेचेका थिए। हो, हामीले मुक्तिलाई पैसाद्वारा किनबेचको रूपमा लिनुहुन्न (यशैया ५५:१,२)। तर ती अर्तीकथाहरूले भनेको कुरो स्पष्ट छः परमेश्वरको राज्य पाउन यस संसारमा भएका कुनै पनि बस्तुहरूलाई मूल्यवान ठानेर पकडिराख्नु उचित देखिन्दैन।

संसारका थोकहरू र शारीरिक अभिलाशाहरूबाट अलग हुन हामीले निर्णय गर्नुपर्छ भनेर हामीबाट परमेश्वरले अपेक्षा गर्नुहुन्छ। सांसारिक मायामोहको सट्टा हामीहरूले हामीहरूको जीवनमा परमेश्वरको आत्माले भरिदिउन् भनेर चाहना गर्नुपर्छ (रोमी ८:५-१०)। त्यो नीति पालन गर्न त्यति सजिलो त छैन। यसको लागि स्वार्थलाई मार्न र आफ्नो क्रुस आफैले बोक्न आवश्यकता हुनसक्छ। तर परमेश्वरले हाम्रो निम्ति के कबूल गर्नुभएको छ सो

सधैं सम्झिन जरुरी छ। अनि हामी जे उचित वा न्यायोचित वा ठीक निर्णय गर्छौं त्यसको असली कारण बुझ्न हामीहरूमा क्षमता हुन्छ।

येशूले माछाको बारेमा भन्नुभएको तेस्रो कथालाई फेरि पढ्नुहोस् (मत्ती १३:४७-५०)। यसमा पनि अलग गरिने कुरोको बारेमा चर्च गरिएको छ। प्रथम् दुई कथाहरूमा गरिने अलगलाई यस अन्तिम अलग गरिने कथाले हामीलाई कसरी बुझाउँछ?

**उपसंहारः**

मत्ती १३:४४-४६मा मानिसहरूले केही यस्ता चिजहरू भेट्टाए जो अत्यन्त मूल्यवानका थिए। ती तिनै कथाहरूमा मानिसहरूले सत्यलाई भेटेको कुराको चर्चा गरिएको छ। सत्यले मानिसहरूलाई अनन्त जीवनतिर डोऱ्याउँछ भने असत्यले अनन्तको नाशतिर लैजान्छ जहाँ आगोले भष्म गरिन्छ। वर्तमान परिप्रेक्ष्यमा त्यो सत्य महत्त्वपूर्ण छ किनभने परमेश्वरलाई विश्वास गर्नु वा सत्यको पछि लाग्नु भनेको पुरानो कुरो वा खतरामूलक कुरो हो भनेर विभिन्न दर्शनका मानिसहरूले सिकाउँदछन्। कतिपय क्रिश्चियन भनाउँदाहरूले पनि ती गलत धारणालाई स्वीकार गरेको पाइन्छ। त्यसकारण उपरोक्त कुरालाई हामीले ख्याल गरेर हामी बुझ्छौं कि ती कथाहरूमा दिएको सत्य वचनले मानव जीवनको प्रत्येक पक्षलाई असर पार्छ। त्यतिमात्र नभएर तिनीहरूको अनन्त जीवनको पनि निर्धारण गरिनेछ भनेर सिकाउँदछ। यसले हामीलाई छक्क पार्नुपर्दैन। बाइबलले सत्य अपरिवर्तनीय र पूर्ण छ भनेर सिकाउँछ। येशूले भन्नुभएको वचनलाई आत्मसात् गर्नु जरुरी छः "बाटो, सत्य र जीवन मै हुँ। मद्वारा बाहेक कोही पनि परमेश्वर पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६ रूपान्तरित)। यदि ती शब्दहरूले अपरिवर्तनीय र पूर्ण सत्यलाई नभन्ने हो भने अरू केले गर्दछ र? हामीलाई जे थाहा छ त्यो केवल कमैमात्र वा अलिकतिमात्र थाहा छ भनेर पावलले भन्दछन् (१ कोरन्थी १३:९)। त्यसकारण धेरै कुराहरू हामीलाई थाहा छैन भनेर स्वीकार गर्नुपर्छ। "हामीलाई केही भागमात्र थाहा छ" भन्ने पावलको भनाइले हामीलाई यो सिकाउँदछ कि सत्य कुराहरू अझ जान्न बाँकि नै छ, सत्य जसले हाम्रो जीवन चाहे अनन्तको होस् वा अनन्तको मृत्युलाई होस् असर पार्दछ। मध्यम मार्गलाई बाइबलले सिकाउँदैन। कि त अनन्त जीवन कि त अनन्त मृत्यु? हाम्रो सामु परमेश्वरले राख्नुभएको दुई मार्गको बिकल्प त्यो भन्दा स्पष्ट अरू केही छैन।

**चिन्तनमननः**

अ. यदि संसारका सबै मानिसहरू येशूले दिनुभएको डाँडाको उपदेशको नीति अनुसार जिइएको भए हाम्रो संसार कस्तो हुने थियो होला?

आ. गलिलको समुद्रको किनारमा येशूले बुद्धिमान र मूर्ख मानिसले निर्माण गरेको घरको बारेमा अर्तीकथा भन्नुभएको थियो (मत्ती ७:२४-२७) । सुक्खा समयमा समुद्रको किनारमा भएका बालुवा र ढुङ्गाहरू त्यस्तो उल्लेखनीय देखिन्दैन। घर बनाउनेले आफ्नो घर बालुवामा बनाएको थियो जहाँ त्यसको मुनी केही पत्थरहरू थिए। तर जब पानी पऱ्यो तब बालुवमा राखेको जगको घर भत्केको थियो। जो मानिस केवल श्रोतामात्र भएर उहाँको कुरा सुन्छ तर पालन गर्दैन त्यो मानिसले आफ्नो जीवनको घर बालुवामा बनाइरहेको छ भनेर येशूले स्पष्ट पार्न खोज्नुभएको थियो। हामीहरूको जीवनमा आउने अनेकन् हुरीबतास वा बाढी पैरोले हामीहरूको जीवन बालुवामा बनिएको छ कि पत्थरमा बनिएको छ भनेर कसरी देखाउँछ? अनेकन् प्रतिकूल समयमा पनि हामी थामी रहन हामीहरूको जीवनको घर बलियो जगमा कसरी बसाल्ने?